**सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

अव म आ.व. ०७७/०७८ को संक्षिप्त आय विवरण तथा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु :

यस आर्थिक वर्षमा आय तर्फ संघीय सरकार अर्थ मन्त्रालयवाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत **रु.१० करोड ०८ लाख**, संघीय सशर्त अनुदान तर्फ २३ करोड ३० लाख

संघीय राजश्व बाँडफाँड अन्तर्गत **रु.७ करोड १८ लाख ६ हजार ११०,**

आ.व. २०७७/७८ को आन्तरिक राजश्व आय प्रक्षेपण **रु ५१ लाख**

**चालु आबको मौज्दात रु ९० लाख हुने अनुमान गरेको छु।**

प्रदेश वित्तीय समानीकरण **रु ७० लाख २ हजार,**

प्रदेश राजश्व बाँडफाँड **रु ३८ लाख ९५ हजार,**

## स्वास्थ्य तर्फः

1. स्वास्थ्यकर्मीका लागि आवश्यक पर्ने सुरक्षण सामग्रीहरुको उचित प्रवन्धका लागिआवस्यक रकम रु ३,००,०००। विनियोजन गरेको छु।
2. कोभिड १९ लगायत औषधि खरिदका लागि रु १०००००० विनियोजन गरेको छु।
3. यस गाउँपालिकामा कार्रत स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रदान गर्दै आएका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिनको लागि आवस्यक रकम रु १०४८००० विनियोजन गरेको छु।
4. युएसजी मेशिन आवश्यक्ताको आधारमा २ वटा स्वास्थ्य चौकीमा र सवै स्वास्थ्य चौकीहरुमा अक्सिजन सेट वितरण गर्नका लागि रु ५००००० पाँच लाख विनियोजन गरेको छु।
5. सवै वर्थिङ सेन्टरहरुमा अक्सिजन खरिदका लागि रु ४००००० बजेट विनियोजन गरेको छु।
6. क्वारेन्टाइन व्यावस्थापन तथा कोभिड १९ व्यावस्थापन तथा नियन्त्रणका लागि रु ९८०००० विनियोजन गरेको छु।
7. सुत्केरी पोषण भत्ताको निरन्तरताका लागि रु ४००००० बजेट विनियोजन गरेको छु।

## कृषि तर्फः

1. फलफूल प्रबद्धनका लागि किवि, सुन्तला, चिया,कफि, कागती एभोकार्डो र हलुवा बेद नर्सीरि स्थापना तथा तालिमका लागि रु १४ लाख विनियोजन गरेको छु।
2. मौसमी तथा बेमौसमी तरकारी खेतिका लागि रु ८ लाख बजेट बिनियोजन गरेको छु ।
3. माटो परिक्षण चुन वितरण मकैको विउ वितरणका लागि रु ७ लाख ३० हजार बजेट विनियोजन गरेको छु।
4. साना सिचाइ मर्मत तथा संहारका लागि रु ७ लाख विनियोजन गरेको छु।
5. सम्रग कृषि क्षेत्रको विकासका लागि एकामुष्ट रु ९० लाख बजेट विनियोजन गरेको छु।